म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २५२ बिहीबार ८ बैशाख २०७९ पञ्चमी ने. सं. ११४२ चिल्लाथ्व 21 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्थापना दिवसमा वृद्धवृद्धालाई सहयोग

हेटौंडा, ७ वैशाख/ आफ्नो ३२ औं स्थापना दिवस पारेर नेपाल निजामती कर्मचारी संगठन मकवानपुरले वृद्धवृद्धालाई सहयोग गरेको छ ।

हेटौंडा-२ चौकिटोलस्थित ओम वृद्धाश्रमलाई संगठनले रकम सहयोग उपलब्ध गराएको छ । कर्मचारी संगठनका अध्यक्ष यादबिन्द्र पौडेलले ओम वृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलाई नगद १० हजार ५ सय रुपियाँ सहयोग हस्तान्तरण गरेका थिए । संगठन स्थापना भएको लामो समयमा अन्य औपचारिक कार्यक्रम भन्दापनि विपन्न, असहायलाई सहयोग गर्न पाउँदा खुशी लागेको संगठन अध्यक्ष पौडेलले बताए ।

कार्यक्रममा निजामती कर्मचारी संगठन मकवानपुरका उपाध्यक्ष हेम पाठकले निजामती कर्मचारी संगठनले इतिहासदेखि नै सामाजिक सेवा भावले काम गरिरहेको दावी गरेका थिए ।

# केन्द्रमा सहमति, हेटौंडामा कांग्रेस नगरको बिरोध

साझाकुरा संवाददाता

हेटौंडा, ७ वैशाख/ केन्द्रीय सत्ता गठबन्धनका पाँच दलबीच हेटौंडा उपमहानगरपालिकाको मेयर नेकपा (एकीकृत समाजवादी)लाई दिने सहमति भएपनि स्थानीयस्तरमा कांग्रेसले बिरोध जनाएको छ ।

नेपाली कांग्रेस हेटौंडा उपमहानगर समितिले एकीकृत समाजवादीलाई मेयर दिए गठबन्धन तोड्ने चेतावनी दिएको छ । केन्द्रमा बसेर नेताहरुले भागबण्डामा बाँडफाँट गरेपनि हेटौंडामा गठबन्धनको सबैभन्दा ठूलो दल कांग्रेस नगर समितिले केन्द्रीय सहमतिलाई नमान्ने भन्दै एक्लै निर्वाचनमा जाने चेतावनी दिएका हुन् । बुधवार सत्ता गठबन्धनका दलहरुबीच हेटौंडा उपमहानगर पालिकासहित देशभरका ११ वटा उपमहानगरपालिकाको भागबण्डामा सहमति जुटेको हो । बालुवाटारमा बसेको गठबन्धनको बैठकले भागबण्डामा सहमति जुटेपछि शीर्ष नेताहरुले सहमति पत्रमा हस्ताक्षर गरेका छन् ।

प्रधानमन्त्री तथा कांग्रेस पार्टी सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले सहमति पत्रमा हस्ताक्षर गरेका छन् । मंगलबार नै उपमहानगरपालिकाको भागबण्डा



टुंग्याउने गरी बैठक बसेपनि नेपालगञ्ज उपमहानगरमा सहमति हुन सकेको थिएन । नेपालगञ्जमा कांग्रेस र जसपाले दाबी गरिरहेको थियो । बुधवार नेपालगञ्ज कांग्रेसले पाउने सहमति बनेको हो ।

सहमतिअनुसार कांग्रेसले ६ महानगरमध्ये काठमाडौं, ललितपुर र विराटनगरको मेयर पाएको छ । कांग्रेसले धरान, इटहरी, कलैया, बुटवल, तुलसीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरपालिकाको मेयर पाएको छ । माओवादी केन्द्रले भरतपुर महानगरपालिका, पोखरा महानगर एकीकृत समाजवादी र वीरगञ्ज महानगरको प्रमुख पद जसपाले पाउने सहमति भएको हो ।

माओवादी केन्द्रले जीतपुर-सिमरा र घोराही उपमहानगर, हेटौंडा उपमहानगर एकीकृत समाजवादी र जनकपुर उपमहानगर जसपाले पाउने सहमति बनेपछि नेताहरुले हस्ताक्षर गरेका थिए ।

काठमाडौंस्थित प्रधानमन्त्री निवास बालुवाटारमा महानगर र उपमहानगरमा भागबण्डाले अन्तिम रुप लिइरहँदा हेटौंडा कांग्रेसले सहमति नमान्ने चेतावनी दिएको थियो । हेटौंडा-२ स्थित पार्टी कार्यालयमा पत्रकार सम्मेलन गर्दै कांग्रेस नगर सभापति उत्सव इटेनीले हेटौंडाको प्रमुख पद नेकपा एकीकृत समाजवादीलाई दिने गठबन्धनको निर्णय पुनरावलोकन गर्न नेतृत्वसँग माग गरेका छन् ।

एकीकृत समाजवादीलाई मेयर दिने गठबन्धनमा सहमति भएकोप्रति ध्यानाकर्षण भएको इटेनीले बताए । कांग्रेस उपमहानगर सभापति उत्सव इटेनीले नेतृत्वलाई निर्णय सच्याउन माग गरिएको बताएका छन् । उनले प्रधानमन्त्रीलगायत पार्टीको केन्द्रीय कार्यसमितिका पदाधिकारीहरुलाई हेटौंडा उपमहानगरपालिकाको बस्तुगत अवस्थाबारे जानकारी गराइसकेको अवस्थामापनि बेवास्ता भएको जिकिर गरे । स्थानीयस्तरबाट दिइएको लिखित जानकारीलाई पन्छाउँदै मर्म र भावनालाई बेवास्ता गरेर पार्टीका कार्यकर्ता र शुभेच्छुकसमेतको मनोभावनामा ठेस पुग्ने गरी गठबन्धनमा सहमति भएको इटेनीले बताए । केन्द्रीयस्तरबाट भएको भागबण्डाले गठबन्धनको आवश्यकता र औचित्यसमेत पूरा गर्न नसक्ने उनको भनाइ छ । कांग्रेसले मेयर पद पाउने गरी गठबन्धन दलहरूबीच सहमति, सहकार्य र एकताको साथ अघि बढ्ने वातावरण तयार गरिदिन पार्टी नेतृत्वसमक्ष जोडदार माग गरिएको कांग्रेस नगर सचिव सविन न्यौपानेले जानकारी दिए ।

गठबन्धनले निर्णय पुनरावलोकन नगरे सत्ता साझेदार दलहरुसँगको गठबन्धन तोड्ने चेतावनी नगर समितिले दिएको छ । कांग्रेस नगर समितिले मंगलबार बसेको बैठकबाट हेटौंडाको मेयरमा कांग्रेसबाहेक अन्य दललाई स्वीकार्न नसकिने निर्णय गरेको थियो ।

हेटौंडामा कांग्रसले मेयर नपाए गठबन्धन छोडेर मित्रवत् प्रतिस्पर्धा मात्रै गर्ने निर्णय भएको न्यौपानेले बताए । यसैगरी, हेटौंडाको मेयरमा एकीकृत समाजवादीबाट जिल्ला अध्यक्ष श्रीधर पोखेल र उपाध्यक्ष तथा वर्तमान उपमेयर मिनाकुमारी लामाको नाम सिफारिस भइसकेको छ । एकीकृत समाजवादीले गठबन्धनलाई विवाद रहित बनाएर लैजानु पर्नेमा जोड दिएको छ ।

## भीमफेदीका लागि कांग्रेसबाट तीन जनाको नाम सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, ७ वैशाख/सत्ता साझेदार पाँच दलमध्ये संयोजनको भूमिका निर्वाह गरिरहेको नेपाली कांग्रेस भीमफेदी गाउँपालिका कमिटीले अध्यक्षका लागि तीन जनाको नाम सिफारिस गरेको छ ।

कांग्रेस भीमफेदी गाउँ समितिले जिल्ला उपसभापति आनन्द कठायतसहित पार्टी गाउँ समिति सभापति सञ्जिव श्रेष्ठ र नारायण थापाको नाम सिफारिस गरेको हो । आगामी स्थानीय तह निर्वाचनका लागि मकवानपुरमा गठबन्धन दलबीच सहमति जुट्न नसकेपनि कांग्रेसले तीन जनाको नाम क्षेत्रीय समिति र जिल्ला समितिमा सिफारिस गरेको हो । गाउँपालिका उपाध्यक्षमा गोपीराम बल, सुमित्रा तामाङ, गोरिमाया लामा, मोमलाल दोङ र शान्ता विकको नाम सिफारिस गरिएको कांग्रेस भीमफेदी गाउँ समितिले जानकारी दिएको छ ।

गत निर्वाचनको मत परिणाम अनुसार भीमफेदीको ठूलो दल नेकपा एमाले हो । यसअघि एमालेबाट अध्यक्ष र उपाध्यक्ष विजयी भएका थिए । गत निर्वाचनमा भीमफेदीमा नेकपा माओवादी केन्द्र र कांग्रेसले गठबन्धन गरेर निर्वाचन लडेका थिए । भीमफेदीको दोस्रो ठूलो दल रहेको माओवादी केन्द्रले गठबन्धनमा अध्यक्ष पदमा दावी गरिरहेको छ । भीमफेदीमा एमालेबाट वर्तमान अध्यक्ष हिदम लामा र उपाध्यक्ष पार्वती राना पुन: उम्मेदवारका रुपमा सर्वसम्मत चुनिएका छन् । भीमफेदीमा एमालेबाट विभाजन भएको गठबन्धनकै एक सदस्य नेकपा (एकीकृत समाजवादी)को पनि राम्रो प्रभाव छ ।

## चट्याङ लागेर राक्सिराङमा गोलेको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, ७ वैशाख/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा गएराति वर्षासँगै आएको चट्याङले एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा राक्सिराङको ८ नम्बर वडाका जितबहादुर गोले रहेका छन् । मंगलबार राति वर्षासँगै परेको चट्याङ लागेर ६५ वर्षीय गोले घाइते भएका थिए । घरमै बसिरहेको बेला चट्याङ लागेर ढलेका गोलेलाई उपचारका लागि मनहरी ल्याइएको थियो ।

गोलेको मनहरी स्वास्थ्य केन्द्रमा उपचारको क्रममा मंगलबार राति नै मृत्यु भएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । मकवानपुरमा हरेक वर्ष चट्याङ लागेर मानिसको मृत्यु हुने गरेको छ । स्थानीय तहहरुले चट्याङबाट बच्ने भरपर्दो उपायका लागि काम गर्न सक्केका छैनन् ।

चट्याङ लागेर जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिकामा एक जना घाइते भएका थिए । मंगलबार साँझ परेको चट्याङ लागेर इन्द्रसरोवर-२ घर भएकी एक महिला घाइते भएकी हुन् । ६० वर्षीय ठूलीमाया रुम्बा घाइते भएको प्रहरीले जनाएको छ । उनको ललितपुरमा रहेको पाटन अस्पतालमा उपचार भइरहेको डीएसपी कार्कीले जानकारी दिए ।

# अस्पतालमै पाईंदैन सिटामोल र जीवनजल

साझाकुरा संवाददाता

हेटौंडा, ७ वैशाख/ गाउँको ठूलो स्वास्थ्य संस्थामध्ये एक मनहरी अस्पतालमा सामन्य औषधि सिटामोल र जीवनजलसमेत पाउन छाडेको छ ।

सरकारले नि:शुल्क दिँदै आएको सिटामोल र जीवनजलसमेत नपाउँदा मनहरी गाउँपालिबासी समान्वय उपचारबाट बञ्चित हुनु परेको हो । शरिरमा तापक्रम बढ्दा र झाडा पखाला लाग्दा सरकारी स्वामित्वको मनहरी अस्पतालमा औषधि नपाएपछि गाउँबासी निजी मेडिकलबाट खरिद गर्न बाध्य भएका हुन् । सिटामोल र जीवनजल मात्र हैन, मनहरी अस्पताल चिकित्सक विहीनपनि बनेको छ । यसअघि अस्पतालमा कार्यरत् डाक्टर अञ्जन जंग थापाको सुरुवा भएपछि मनहरी अस्पतालमा चिकित्स नभएका हुन् ।

संविधानत अधिकार सम्पन्न मानिएको स्थानीय सरकार मातहतमा सञ्चालित मनहरी अस्पतालमा सामान्य औषधिसमेत नपाउँदा स्थानीयले बिरोध गरेका हुन् । सरकारले ७० थरीका औषधि नि:शुल्क उपलब्ध गराउँदै आएको छ । संघीय सरकारले स्वास्थ्य संस्थालाई उपलब्ध गराउने औषधिवापतको रकम स्थानीय सरकारको खातामा पठाउने गर्छ ।

संघीय सरकारले पठाएको रकम अपुग भएमा स्थानीय सरकार आफैले थपेर भएपनि औषधि खरिद गरी आफूमातहतका स्वास्थ्य संस्थालाई उपलब्ध गराउनुपर्ने हुन्छ । तर, मनहरीमा उक्त रकमसमेत कार्यान्वयन नभएको पाइएको छ ।



सम्बन्धित सबै स्वास्थ्य संस्थाहरुमा ठेक्का प्रक्रियामार्फत् औषधि खरिद गरी पठाउनुपर्नेमा मनहरी गाउँपालिकाले हालसम्म औषधि व्यवस्थापन गर्न नसकेको हो ।

गाउँपालिकाका स्वास्थ्य संयोजक टीकाराम अधिकारीले आन्तरिक समस्याका कारण औषधि खरिदका लागि ठेक्का प्रक्रियामा ढिलाई भएको बताए । उनले समस्या बारे जानकार भइरहेको भन्दै तत्काल ठेक्का प्रक्रिया अघि बढाउने बताए ।

मनहरी अस्पतालमात्र नभई, गाउँपालिकाभित्रका अन्य ९ वटा स्वास्थ्य संस्थामा औषधि अभाव भएको पाइएको छ । मनहरी अस्पतालमा गत आर्थिक वर्षमै खरिद गरिएको औषधिहरु मौज्दात रहेको सिनियर अहेव शिवराम बानियाँले जानकारी दिएका छन् ।

उनले अस्पतालमा नि:शुल्क पाइने ३० प्रतिशत औषधि रहेको बताए । मनहरीको ३ नम्बर वडामा स्वास्थ्य चौकी छ भने अन्य वडामा आधारभूत स्वास्थ्य इकाईहरु गाउँपालिकाले स्थापना गरेको छ ।

**कर्मचारी आवश्यकता**

यस हिडम्बा अटो प्रा.लि.(महिन्द्रा एण्ड महिन्द्राको डिलरको) लागि लेखापाल आवश्यकता भएको हुँदा निम्न लिखित, योग्यता भएको ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

१. अनलाईन बिलिङ्ग सम्बन्धि ज्ञान भएको
२. योग्यता : Batchlor Clear
३. कर, सम्बन्धि ज्ञान भएको
४. तलब सुविधा : आपसी समझदारीमा

कम्प्युटर सम्बन्धि दक्ष भएको हुनु पर्ने छ ।

सम्पर्क: हिडम्बा अटो प्रा.लि.
अफिस समयमा विहान ९ बजेदेखि ५ बजे साँझसम्म
हेटौंडा-१, चौकिटोल, ९८४५६०४३९३, ९८४५०२५९९७, ९८४५८२९०१५, ०५७-५२२००७

**सम्पूर्ण ब्राण्डका गाडी**
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ADMISSION OPEN

Academic Session 2079

LIMITED SEATS AVAILABLE

FOR GRADE 1, 2 & 3



Navodaya Shishu Sadan English Secondary School
"Lifelong learning begins here."

Hetauda-4, Makawanpur 057-524959, 525940 /navodayashishusadan

साझाकुरा

## हाम्रो कुरा

# गठबन्धनमा नेपाली काँग्रेस पार्टीलाई सकस

केपी ओली नेतृत्वको सरकारले संविधानको मर्म र भावनाअनुसार सरकार सञ्चालन गर्न नसकेपछि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो सरकार असफल सावित भएर हाल नेपाली काँग्रेस पार्टीका केन्द्रीय सभापति शेरबहादुर देउवा नेपालको प्रधानमन्त्री बनेका छन् । यो सरकार संविधानको रक्षा गर्दै संविधानत: पुन निर्वाचन गरेर नयाँ जनप्रतिनिधिलाई स्थापित गर्न तयार देखिएको छ । नेपालमा राजतन्त्र फ्याँक्ने आन्दोलनमा नेपाली काँग्रेसको महत्वपूर्ण योगदान रहेको सबै जनताले बुझेका छन् । तत्कालीन भूमिगत माओवादी पार्टीलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन नेपाली काँग्रेस पार्टीको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ ।

देशलाई द्वन्द्वबाट सामान्य राजनीतिक अवस्थामा ल्याउन नेपाली काँग्रेसले धेरै त्याग गरेको अवस्थालाई सबैले बुझेका छन् । बीचमा नेकपा एमाले पार्टीले नेतृत्व लिइरहँदा पनि सबै दलहरु र आम नेपाली जनतालाई चित्त बुझाउन नसकेपछि अन्तत: केपी ओली सरकार ढल्न पुग्यो । बारम्बार जनमत लिएर सत्तामा पुग्ने र सत्ता राम्रोसंग सञ्चालन गर्न नसक्ने नेकपा एमालेको चरित्र नै हो भन्ने खुलस्त भएको छ । तर, नेकपा एमालेको अझै पनि सशक्त पार्टीको रुपमा अगाडि बढिरहेको छ । सत्ता गठबन्धनमा राजनीतिक दलहरु मिलेर एमाले पार्टीलाई हराउने मनसायका साथ अगाडि बढेपनि सोचे अनुसार काम गर्न भने गठबन्धन असफल हुने हो कि भन्ने आशंका छ ।

गठबन्धन दलबीच सहमति, सहकार्य र एकताका साथ अगाडि बढ्न सके नेकपा एमाले पार्टीलाई हराउन सकिने आधार देखिन्छ । तर, गठबन्धनको आवश्यकता र औचित्यता खोज्न सबै दलहरु लागिरहने तर व्यवहारिकरुपमा काम नहुने हो भने यो गठबन्धन गर्नुको कुनै तुक छैन । हेटौंडा उपमहानगरपालिकाको गठबन्धनको ठूलो दललाई मेयर पद नदिएर तेस्रो दललाई मेयर पदमा सहमति गर्नु आफैंमा बिडम्बना हो । योसंगै अन्य पालिकाहरुको पनि गठबन्धन गर्नुपर्दा नेपाली काँग्रेस पार्टीलाई सकस भएको स्पष्ट बुझ्न सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख ९ गते शुक्रबार २२ अप्रिल २०२२ । वैशाख कृष्ण षष्ठी । चौलाथ्व षष्ठी ११४२ । विश्व पृथ्वी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : धार्मिक काममा रुचि बढ्नेछ | तुला | : चिन्ता, भय र आशंका बढ्नेछ |
| वृष | : काममा एकरुपता आउनेछ | वृश्चिक | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| मिथुन | : यात्राबाट लाभ हुनेछ | धनु | : काममा प्रगति हुनेछ |
| कर्कट | : धनको समस्या पार लाग्नेछ | मकर | : व्यापारमा लाभ हुनेछ |
| सिंह | : दिन राम्रोसूग बित्नेछ | कुम्भ | : परीक्षामा सफलता मिल्नेछ |
| कन्या | : चोट लाग्ने सम्भावना देखिन्छ | मीन | : पढाइमा रुचि बढ्नेछ |

# के हुन् नेपालका सुरक्षा चुनौती ?



राजेन्द्र शर्मा

आर्थिक वर्ष २०७५/७६ को वैदेशिक रोजगार बोर्डको प्रतिवेदन अनुसार वैदेशिक रोजगारीको क्रममा विदेशमा २३ जना महिलासहित कुल ७५३ जनाको मृत्यु भएको देखिन्छ । त्यस्तै आर्थिक वर्ष ७६/७७ मा १७ महिलासहित ६५६ जनाको विदेशमा मृत्यु भएको छ । हजारौं प्रवासी नेपाली घाइते र सयौं अपाङ्ग कामदारको कुनै लेखाजोखा छैन । यो तथ्याङ्क श्रम इजाजत लिएर वैदेशिक रोजगारीमा गएका नेपालीको मात्रै हो । प्रवासी नेपालीको एकमुष्ठ तथ्याङ्कलाई आधार मान्ने हो भने दृश्य कहाली लाग्दो छ ।

त्यस्तै, कोभिड महामारीको समयमा मात्रै आर्थिक वर्ष २०७६/७७ मा ७ जहार १४१ जनाले आत्महत्या गरेको देखिन्छ । नेपाल प्रहरीका अनुसार आत्महत्या वार्षिक ८.५ प्रतिशतले बढिरहेको छ । जसमा ५७ प्रतिशत पुरुष र ४३ प्रतिशत महिला छन् ।

साथै, नेपालमा महिला/स्त्रीहरु प्रति हुने हिंसा र बलात्कारका घटना पनि त्यही अनुपातमा बढिरहेका छन् । नेपाल प्रहरीका अनुसार यस्ता घटन वार्षिक २० प्रतिशतले बढेको देखिन्छ । त्यसैगरी सडक दुर्घटनाको तथ्याङ्क हेर्ने हो भने दृश्य अझै भयानक छ । हामीकहाँ प्रतिवर्ष औसतमा २५ सय जनाले सडक दुर्घटनामा परेर ज्यान गुमाउने गरेका छन् । दश वर्षे माओवादी द्वन्द्वकालमा करिब १७ हजार मानिसले ज्यान गुमाए । त्यो भन्दा धेरै माओवादी द्वन्द्वबाट प्रभावित छन् । तर, विस्तृत शान्ति सम्झौतापछि करिब ३५ हजार नेपालीले सडक दुर्घटनाका कारण आफ्नो जीवन गुमाउनु परेको देखिन्छ । १० वर्षे माओवादी द्वन्द्वमा ज्यान गुमाएका, अङ्गभङ्ग भएका नेपालीको तुलनामा गैर युद्धका कारण नेपालीको बढी ज्यान गएको देखिन्छ ।

यसका साथै, हाम्रो जस्तो देशमा सार्वजनिक ओहोदामा रहेका व्यक्ति/राजनीतिज्ञ, नीति निर्माताले यसतर्फ चासो दिन नसक्नु अर्को चुनौती हो । जस्तै आफ्नो पक्षमा जनमत देखाउन राजनीतिज्ञ र सार्वजनिक ओहोदामा रहेका व्यक्तिले गरेका सार्वजनिक अभिव्यक्तिलाई सुरक्षा नीतिले कसरी किटान गर्छ ? यसलाई सुरक्षा चुनौती मानेको हुन्छ ? वा हुँदैन ? यो विचारणीय र बहसको विषय हुनसक्छ । उदाहरणका लागि, हालसालै एक जना पूर्वप्रधानमन्त्रीले अबको निर्वाचनमा कसैलाई मतपत्र च्यात्ने र बत्ती निभाएर जित्न नदिने भन्दै अर्का पूर्वप्रमलाई व्यंग्य त गरे । तर, त्यसले पार्ने सुरक्षा चुनौतीलाई हाम्रा सुरक्षा नीति र संरचनले यस्तो अवस्थाको कल्पना गर्न सके जस्तो लाग्दैन । निर्वाचन आयोगको विश्वसनियतामा प्रश्न गरि दिने हाम्रा राजनीतिज्ञका अभिव्यक्तिले संवैधानिक आयोगको वैधानिकता र राज्य संयन्त्रमा सुरक्षा चुनौती थोपरिदिन्छ कि दिँदैन ?

त्यस्तै हालसालै एकजना बहालवाला प्रमले आफ्नो नेतृत्वको सरकार ढाल्न भारत लागि परेको धारणा सार्वजनिक रुपमै व्यक्त गरेका थिए । तथ्य, प्रमाण र गुप्तचरबाट प्राप्त सूचनाका आधारमा भन्दा पनि हचुवाको भरमा यस्ता धारणा बनाउँदा हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धमा असर गर्ने कुरा प्रष्ट छ । त्यो भन्दा बढी राज्य संयन्त्र र सुरक्षा निकायको विश्वसनीयतामा गम्भीर प्रश्न खडा गरिदिन्छ ।

अहिलेको सत्ता गठबन्धनको मुख्य घटकका एक जना पूर्व प्रधानमन्त्रीले तत्कालीन प्रधानमन्त्री केपी ओली र तत्कालीन सेना प्रमुखले बंगलादेशी मोडेलमा चुनाव गराएर सत्ता कब्जा गर्ने षड्यन्त्र गरेको सूचना आफूले थाहा पाएको बताएका थिए । यस्ता हजारौं सार्वजनिक वक्तब्य छन् जसले राष्ट्रिय सुरक्षामा हाम्रा बहालवाला र पूर्वराष्ट्र प्रमुखले नै आफ्नो स्वार्थ अनुरुप कस्ता कस्ता धारणा सार्वजनिक गरिराखेका छन् । के त्यस्ता अभिव्यक्ति सुरक्षा चुनौतीको परिभाषा भित्र पर्दछ ? अर्कोतर्फ नेपालमा सुरक्षासँग सम्बन्धित विषयलाई जनसरोकारको विषय किन बनाउन सकिएको छैन ? नेपालमा कुनै अमुक चुनौतीलाई सुरक्षा चुनौती भनिदिने परिपाटी अझै अभ्यासमा छ । यथार्थ चुनौतीको नजरअन्दाज हुने गरेको तथ्यलाई अघिल्लो सुरक्षा नीतिले उजागर गरिसकेको छ ।

वैदेशिक रोजगारी, सडक दुर्घटना, घरेलु हिंसा, खाद्य सुरक्षा, सामाजिक न्याय जस्ता मानव सुरक्षासँग सरोकार राख्ने विषय सुरक्षा नीतिमा विषेश महत्व दिइएको छैन । सीमा सुरक्षा, भौगोलिक अखण्डता र सार्वभौमिकतामा राष्ट्रिय सुरक्षालाई केन्द्रित गरिदिँदा आम नागरिकको दैनिक सुरक्षा सम्बन्धी बिषय ओझेलमा पारेका छन् ।

सैद्धान्तिक रुपमा सुरक्षा नीति गतिशील र समयानुकुल परिमार्जन हुँदै जान्छ । कोभिड-१९ महामारीको सन्दर्भमा जनस्वास्थ्यको विषयले पनि राष्ट्रिय सुरक्षामा कति र कस्तो प्रभाव पार्ने रहेछ भनेर छर्लङ्ग पारेको हुनुपर्दछ । देशको संकटमा नागरिक नै प्रधान र नागरिको संकटमा राष्ट्र नै धेरै संवेदनशील हुनुपर्ने हो । फलस्वरुप, राष्ट्रिय सुरक्षाका चुनौती र खतराको सामना गर्न भन्दै नेपालमा (पहिलो) राष्ट्रिय सुरक्षा नीति बनिसकेको छ । वि.सं. २०७३ मा बनेको नीति पढ्नसम्म पाइएको भएता पनि २०७३ सालपछि बनाइएको भनिएको सुरक्षा नीतिको पहुँच आजसम्म पनि छैन ।

सफल घिमिरे 'हाम्रो सुरक्षा खतरा के हो' शीर्षकको लेखमा लेख्छन्,- 'भलै, रक्षा मन्त्रालय र सरकारसँग साखुल्ले हुनेहरुले यसको प्रतिलिपि उहिल्यै पाइसकेका छन् ।' कुरा सुरक्षा नीतिमा पहुँच हुनु र नहुनु मात्रै होइन । जसको सुरक्षाको निम्ति बनाइएको नीति हो, उसैलाई थाहा नदिनुको अर्थ सुरक्षा नीति हुनु र नहुनुमा खासै भिन्नता छैन भन्ने नै हो । घिमिरे लेख्छन्, 'जहाँसम्म जनता र देशको सुरक्षाको सवाल छ, अहिलेको नीतिले पनि नेपाली राष्ट्र र जनतालाई सबैभन्दा बढी खतरा केबाट छ वा हुनेछ भनेर किटान गर्न सकेको होला जस्तो लाग्दैन ।'

अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने, सुरक्षा नीतिले वस्तुगत अध्ययन, अनुसन्धान र तथ्यका आधारमा जनता र देशलाई भविष्यमा (निश्चित वर्षमा) भइपरी आउने खतराको प्रक्षेपण गरेको हुन्छ । त्यस्ता खतरा आन्तरिक, बाह्य वा दुवै श्रोतबाट हुन सक्दछन् । यसरी अपनाइने नीति गतिशील हुन्छ । तर, दक्षिण एसियामा लोकप्रियतावादी राजनीति अनुमान कै भरमा सुरक्षा र यसका चुनौतीको विश्लेषण गर्ने परम्परा अझै अभ्यासमा छ । इभिडेन्स, रिर्सच (अनुसन्धान) र पब्लिक र्याटिफिकेसनमा (जनअनुमोदन) आधारित नीति निर्माण आजको प्रमुख आवश्यकता हो ।

यसमा पोलिसी कम्युनिकेशनको मुख्य भूमिका हुन्छ । खासगरी सरकारले अंगिकार गरेका हरेक नीतिको उचित र उपयुक्त माध्यमबाट जनताको जानकारीसम्म पुऱ्याउने दायित्व पनि सरकारको नै हो । तर, नेपालको सन्दर्भमा न सरकार न त निर्वाचित जनप्रतिनिधिले जनसरोकारका विषयसँग सम्बन्धित नीति निर्माणमा जनतालाई केन्द्रमा राखेर काम गर्न सकेका छन् । हाम्रो सुरक्षा नीति कति धरातलीय यथार्थमा आधारित र वस्तुगत छ भन्ने कुरा त वैदेशिक रोजगार, आत्महत्या, घरेलु हिंसा र सडक दुर्घटनाबाट नेपाल र नेपालीमा पार्ने सुरक्षा चुनौती वा खतराको प्रक्षेपणमा चुकेको तथ्यबाट नै प्रष्ट हुन्छ । सुरक्षा सम्बन्धी ऐन, कानुन, नीति र नियमावलीको आधारशीला जनता र देशको सुरक्षा नै हो । संविधानको धारा ५ (१) र ५(२) ले पनि नेपाली राष्ट्रिय हितका आधारभूत विषय प्रष्ट रुपमा किटान गरेको छ ।

जसमा लेखिएको छ, 'नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि छन् । राष्ट्रहित प्रतिकूलका आचरण र कार्य दण्डनीय मानिएको छ ।' सुरक्षा चुनौती र राष्ट्रिय हितबीचको तादत्म्यतालाई सुरक्षा नीतिमा सूक्ष्म ढङगले विश्लेषण गरेर राष्ट्रिय सुरक्षाको आंकलन गरिएको हुन्छ । जसले गर्दा सुरक्षा नीति राष्ट्रिय हित र खतराको आधारमा निर्माण गरिन्छ र यो समय तथा परिस्थिति अनुसार परिवर्तन हुन्छ । तर नेपालको हकमा सरोकारवाला संरचना (राष्ट्रिय सुरक्षा परिषद) र व्यक्ति/पात्र राष्ट्रिय हित, सुरक्षा र स्वार्थमा संवेदनशील देखिदैनन् ।

अर्कोतर्फ, अहिलेको प्रविधिको समयमा साइबर सुरक्षा र यसले ल्याउने चुनौती पेचिलो छ । उदाहरणको लागि मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता र त्यसपछि आम नागरिक माझ एमसीसीको विषयलाई लिएर विकसित भएका धारणलाई हेरौं । (हालसालैका स्थलगत अध्ययन र देशका विभिन्न स्थानका स्थानीयको छलफल अनुसार) अधिकांश नागरिकले देश अमेरिकालाइ बेचेको, अमेरिकी सेना नेपालमा आउने र नेपालीलाई देशबाट लखेट्ने बताएका थिए ।

अर्कोतर्फ, सम्बन्धित पक्षबाट त्यस्ता भ्रमलाई यथार्थ परक रुपमा जनतासामु ल्याउन कुनै पहल गरिएको पनि देखिदैन । जसले गर्दा यस्ता विषयले सामाजिक धारण निर्माण गरेर राजनीतिक मुद्दाका रुपमा विकसित भएको देखिन्छ । अर्कोतर्फ, यसले संसद र सरकार प्रति जनतामा वितृष्णा पैदा गराएको छ । त्यो भन्दा मुख्य यसले ल्याउने लेजिटिमेसी ग्याप (वैधताको खाडल) र पार्ने सुरक्षा चुनौतीतर्फ कसैको नजर पुगेको देखिँदैन ।

राष्ट्रिय सुरक्षाको नीति निर्माण, सुरक्षा निकायको कार्यगत समस्या, नीतिको इमान्दारी पूर्वक पालना र यसमा जनताको अपनत्व मुख्य विषय हुन् । त्यो भन्दा बढी जनताको जीउधनको सुरक्षा, उनीहरुको अस्तित्वको सुनिच्छितता र आफ्नो देशको सुरक्षा संयन्त्रप्रति पूर्ण विश्वास नै हुन् । हाम्रा सुरक्षा चुनौती सामना गर्ने प्रधानअस्त्र यिनै हुन् । तर, बिडम्बना नै मान्नुपर्छ, हाम्रोमा नीति निर्माताले यसतर्फ यथेष्ठ चासो दिन सकेको देखिँदैन । यो अर्को नीतिगत सुरक्षा चुनौती हो ।

*(लेखक शर्मा द्वन्द्व तथा सुरक्षा विषयका अध्ययता हुन्) -साभार: खबरहब*

# परिवर्तन त परिवर्तन, तर यो कस्तो परिवर्तन ?



सुशीला कार्की

कवि भूपी शेरचनले लेखेको एउटा कविताको पंक्तिको स्मरण हुन्छ, जसको भाव यस्तो रहेको छ, एउटा यस्तो मुलुक छ जहाँ खान पाइन्छ, बोल्न पाइँदैन, एउटा यस्तो मुलुक छ, जहाँ बोल्न पाइन्छ । तर खान पाइँदैन, एउटा यस्तो मुलुक छ, जहाँ खान पनि पाइँदैन र बोल्न पनि पाइँदैन । कविले भारत, चीन र नेपालको तत्कालीन अवस्था अनुभूति गरेर नै उक्त भावलाई पोख्दै सायद सो कविताको रचना गर्नुभएको होला । तर अब त चीन आधुनिकतातर्फ धेरै अघि बढिसकेको छ, त्यहाँ आर्थिक, सामाजिक स्वतन्त्रता पनि देखिएको छ ।

भारतले पनि आमजनतालाई खान दिन अन्नपातको उत्पादन र सञ्चयमा वृद्धि गर्दै गरेको पाइन्छ । दुवै हाम्रा छिमेकी मुलुकहरूले अबको समयमा अन्तर्राष्ट्रिय जगत्मा विकासको ठूलो फड्को मार्दैछन् । भारतमा सन् २०२० को जनसंख्याको आँकडा हेर्दा एक अर्ब अड्तीस करोड देखिएको छ भने चीनको जनसंख्या १ अर्ब ४३ करोड ९३ लाख २३ हजार ७ सय ७६ छ । यतिका संख्यामा भएको देशमा जनतालाई भोजन, आवास, सुरक्षा सबै कुराको सुविधा प्रदान गर्नु पनि कठिन कुरा नै हो । तापनि यी दुवै मुलुकमा पहिलेको अनुपातमा धेरै विकास भएको पाइन्छ ।

कवि भूपी शेरचनद्वारा रचित यो भावको कविता लेखेको समयमा नेपालमा पञ्चायती शासनकाल थियो । त्यसबखत नेपालको आर्थिक स्थिति पनि डामाडोल र चित्त नबुझेको कुनै विषयमा नागरिकलाई बोल्न र विरोध गर्न पनि कडा प्रतिबन्ध थियो । तत्कालीन सरकार जयजयकार, प्रशंसा र प्रशस्ति मात्र सुन्रुन सक्थ्यो । सबै विषयमा तत्कालीन सरकारको पूर्ण नियन्त्रण रहने हुँदा सरकारले इजाजत नदिएसम्म केही गर्न नपाइने थियो । के काम गर्न हुने, के काम गर्न नहुने, के कुरा बोल्न पाइने के बोल्न नपाइने सबैको निर्धारण तत्कालीन सरकारले गर्ने गरेको, एक प्रकारले आमनागरिकको जिउधन सबै सरकारको जिम्मामा राखिएको जस्तो देखिन्थ्यो । आमजनताले निरंकुश पञ्चायती व्यवस्थाको विरोध गरे र २०४६ मा जनआन्दोलन भयो, परिणाम त पञ्चायती निरंकुश शासन ढल्यो । बहुदलीय व्यवस्था नेपालमा आयो पनि । नेपालमा बहुदलीय व्यवस्था कायम भएको ३२ वर्ष पुगेर ३३ वर्ष लागिसकेको छ ।

आजका दिन पनि भूपी शेरचन जीवित रहिरहनु भएको भए सायद एउटा फरक भावको कविता यी तीन मुलुकको विद्यमान वस्तुस्थितिको आधारमा फेरि पनि कोर्नु हुने थियो होला । हुन त, कविहरू कल्पनाशील हुन्छन् नै । उनीहरू कल्पनाको दुनियाँमा नै रमाउने गर्छन् । कविताहरूको रचना कहिलेकाहीँ फगत कल्पनाको दुनियाँमा उडान भर्दै गरिन्छ वा यथार्थलाई अनुभूति गरेर पनि गर्ने गरिन्छ । यथार्थ र वस्तुपरक कविता लेख्दा भने मानिसले भोगेको दु:ख, कष्ट वा सुखका कुराहरूको अभिव्यक्ति हुने गर्छन् । संसारमा भएका विश्वयुद्धहरू वा ठूलाठूला युद्धहरूको विभीषिकाबारे भुक्तभोगी कविहरूबाट कविता कोरिएका छन् ।

त्यस्तै, तानाशाहहरूका अत्याचार र अन्यायविरुद्ध पनि कोरिएका छन् । प्रेम प्रसंबारे पनि कोरिएका छन् । मुलुकमा तानाशाहले गरेको हत्या, हिंसा, र अत्याचारविरुद्ध विरोधस्वरूप कोरिएका कवितालाई लिएर तानाशाहको कोपभाजन हुँदै सहिद भएका कविहरूको संख्या संसारमा कम छैन । नेपालमा बहुदल प्राप्तिपछि वाक् तथा प्रकाशन स्वतन्त्रता लगायत सबै प्रकारका स्वतन्त्रताहरूको स्थापनाले गर्दा मुलुकले उच्चस्तरको आर्थिक विकास गर्नेछ भन्ने आममानिसको ठहर थियो । बहुदल प्राप्तिपछिको केही समयसम्म त मुलुकमा विकास हुने केही छाँटकाँट पनि देखिन सुरु भएको पनि हो । पत्रपत्रिकाहरूको प्रकाशनमा व्यापक वृद्धि भई सञ्चार क्षेत्रमा एकाएक मुलुकले फड्को मारेको पाइयो । सडकहरू निर्माणमा वृद्धि हुन गई यातायातमा पनि विकास भएको देखापऱ्यो । मानिसहरूले ग्रामीण क्षेत्रमा कृषि पेसासहितको गृहस्थी, पशुपालनबाटै प्राप्त प्रचूर आम्दानीको लाभ लिन थालेका थिए ।

चार बिघा दुई बिघा जग्गाका मालिक हुने परिवारले पनि उब्जिएको अन्नपात बेचेर सहरमा डेरा राखी सन्तानहरूलाई सरलसँग शिक्षा प्रदान गराएका थिए । ग्रामीण क्षेत्रमा सबै जाति-जनजातिहरूबीच मेलमिलाप र सद्भाव कायम हुँदा स्वत: सुरक्षाका प्रत्याभूति भएकै थियो । नेपालमा बहुदल प्राप्तिपछिको स्वतन्त्र र खुला वातावरणमा नेपालीहरूले गरेको परिश्रमबाटै पनि स्वत:स्फर्त विकास हुन सम्भव देखिएको थियो । तर त्यसमाथि नकारात्मक प्रभाव पारी यस्तो अवस्था आउनुपर्ने पहिलो कारण हो, 'जनप्रतिनिधिहरूबीच मौलाएको भ्रष्टाचार ।' अनि दोस्रो कारण हो, माओवादी आन्दोलनका नाममा भएका हिंसात्मक मारकाट, हत्या अनि लुटपाट ।

कुनै पनि मुलुकका निम्ति एउटा परिवार मानव शरीरभित्रको एक कोशिका सरह नै हुन्छ । मुलुकले विकास गर्नु भनेको प्रत्येक कोशिका रूपी परिवारले विकास गर्नु हो । नेपाल गाउँ नै गाउँले भरिएको मुलुक हुँदा नेपालको विकास हुनु भनेको आमग्रामीण क्षेत्रमा बसोबास गर्ने परिवारहरूको शिक्षा, रोजगारी, स्वास्थ्य र आर्थिक अवस्थामा वृद्धि हुनुपर्ने हुन्छ । तर २०५२ पछि ग्रामीण क्षेत्रमा निर्धक्कसँग सुरक्षित भई बसोबास गरेका मानिसहरू वरपरका केही छरछिमेकी र आफन्तहरूबाटै माओवादी द्वन्द्वका नाममा असुरक्षित हुन थाले । परिणामत: स्थायी रूपमा वर्षौं वर्षसम्म बसेको घरबार, निरन्तर प्राप्त हुने आय-स्रोत त्याग्दै प्राण बचाउन सुकुम्वासी भई भौंतारिनुपर्ने अवस्था आइपऱ्यो ।

त्यस आन्दोलनमा आपसी झोसपोल र इबी साँध्ने निहुँमा निम्न मध्यम वर्ग, श्रम गरेरै खाने श्रमजीवीहरूलाई पनि धनी-मानी र सामन्ती, शोषकको दर्जामा पुऱ्याई भौतिक कारबाहीको सास्ती भोग्न बाध्य गराइयो । यसरी समाजमा आपसी सद्भाव भङ्ग भएर वैमनस्य बढ्दै गयो । मानिसहरू विस्थापित भए । त्यसपछि लुटपाट र हिंसा समाजमा जारी रह्यो । छिमेकीका घरमा पनि चुलो नबल्दा दु:ख मान्ने परम्पराको अन्त्य भयो । मानिस मर्दा गाउँ-घरमा मलामी घरलौरी जानैपर्ने चलन थियो । भएसम्म दाउरा पनि एकएकवटा बोकेर जान्थे र त्यो दिन छाक छाड्थे । त्यो चलन सबै हरायो । अब त, पाएसम्म छिमेकीले छिमेकीसँग बाँझेका, जुधेका छन् । मारेका छन् । लुटेका छन् । अपहरण र बलात्कार गरेका छन् । आज भोलि दिन दिनैको समाचार त्यस्तै सुनिन्छ ।

परिवर्तित परिस्थितिकै कारण पशुपति शर्माको गीत हिट हुन पुग्यो, 'लुट्न सके लुट कान्छा । लुट्न सके लुट अरु देशमा पाइँदैन, नेपालमा हो छुट ।' उनको गीतले नेपालको शासकीय दुर्दशाको प्रतिनिधित्व गरेकै गत बहुचर्चित हुन पुगेको हो । त्यसरी नै प्रकाश सपुतको 'पिर' भन्ने गित प्रकाशनमा आएपछि तत्समयका सत्ताधारीले आफ्नो सत्ता र राजनीतिविरुद्ध बज्रपात नै परेको अनुभव गरी लेखक तथा गायकविरुद्ध मारुम र कुटुम् जस्तै गरी झण्डै हात नै उठाए । शेरचनले पञ्चायतकालमा माथिको कविता लेखी प्रकाशन गर्दा तिनले त्यसबापत जेलनेल भोगेको जानकारी मलाई छैन । भलै त्यो व्यवस्था निरंकुश थियो । यतिखेरको व्यवस्था लोकतन्त्रको हो र पञ्चायती व्यवस्थलाई निरंकुश भनि अपदस्थ गरी वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्णत: स्थापना निम्ति भनेर स्थापना गरिएको व्यवस्था हो । लोकतन्त्रमा निर्वाचनबाट जनताले आफ्ना जनप्रतिनिधिको चैन गर्ने गरेका हुन्छन् । कुनै मुलुकमा तीन वर्ष, कुनैमा चार वर्ष र कुनैमा पाँच वर्ष जन प्रतिनिधिहरूको काम गर्ने समयावधि रहेको हुन्छ ।

लोकतन्त्रको विकास भएको मुलुकहरूमा जनप्रतिनिधिले राम्रोसँग काम गर्न नसकेमा, मनोमानी वा भ्रष्टाचार गरेमा निर्वाचनमा त्यस्ता व्यक्ति वा दललाई अर्को निर्वाचनमा हराएर सजाय दिने गरिन्छ । त्यति मात्र नभएर यदि कुनै प्रतिनिधिले जनअपेक्षाअनुसार काम गर्न नसकेमा मतदातासँग क्षमा माग्ने प्रचलन छ । तर नेपालमा निर्वाचनमा हार भएको कारणलाई जनप्रतिनिधिले आफूले जनताबाट मत नपाएकै कारणबाट हारेको नभई षड्यन्त्र र धाँधलीबाट हारेको हुँ पनि दाबी गर्ने गर्छन्, आत्मालोचना वा क्षमाको झल्कोसमेत दिँदैन ।

यहाँ जनताको पक्षमा काम नगर्ने त्यस्ता दल र जनप्रतिनिधिलाई दण्ड दिने काम आमनागरिकबाट किन हुँदैन ? किन तिनै भ्रष्ट, नैतिकताहीन मानिसलाई पैसाको बलमा बारम्बार मतबाटै निर्वाचित गर्छन् ? यो प्रश्न जतातते अब उठ्न थालेको छ । नागरिक पनि यस सन्दर्भमा सजग हुन नसकेकोबारे खोजी हुन थालेको छ । पैसाको बलमा निर्वाचित हुने जनप्रतिनिधिको स्वार्थ पनि पैसा आर्जनसँगै हुन्छ । उसको उद्देश्य किमार्थ जनताको सेवा गर्नु होइन । तसर्थ प्रतिनिधिहरू जो निर्वाचित हुन्छन् । जनताको सेवा गर्न आएका हुन्छन् । तिनले इमानदार बफादार हुनैपर्छ । हाम्रो मुलुक भ्रष्टाचार र आफन्तवादकै कारण रसातलमा पुग्ने अवस्थामा छ । यो मुलुकमा बहुदल प्राप्तिपछि तीन दशक गुजारिसक्दा पनि विकासका नाममा हामी जहाँको तहीँ मात्र होइन कि बरु ह्रास भएर तलतल झर्ने क्रममा छौं ।

२०४६ र २०६३ मा दुई पटकका आन्दोलनमा आमजनताले लडेको संघर्ष गरी बलिदान दिएको के अर्थ भयो र ? जबकि मुलुकमा कुनै विकास हुँदैन । कुनै परिवर्तन आउँदैन । कुनै उत्साह मान्ने काम भएकै छैन । यदि केही लाभ भएको छ भने निर्वाचित जनप्रतिनिधि र सत्ताधारी अनि तिनको परिवारका लाभको निम्ति भएको छ । मौलिक हकमाथि बारम्बार नियन्त्रण गरिने रुझान पटकैपिच्छे गठन भएको सरकारको प्रयास रहेको देखिएको छ । -साभार: इकागज

# अन्धविश्वासको अवशेष : भाइरल बाँदरसँग 'आशीर्वाद' लिनेको घुँइचो

काठमाडौं/सामाजिक सञ्जाल टिकटकमा अहिले एउटा भिडियो भाइरल भइरहेको छ । भिडियोमा पशुपतिनाथ मन्दिर छेउमा रहेको सानो कुटीमा बाँदरबाट मानिसहरुले आशीर्वाद लिइरहेको देखिन्छ । फलामको पिंजडामा थुनिएको बाँदरलाई त्यसको हेरचाह गर्नेले 'पवन' नाम दिएका छन् । त्यहाँ जाने सर्वसाधारणले 'पवन'को 'आशीर्वाद' लिइरहेका छन् । बाँदरलाई पवन अर्थात् देवताको रुपमा लिइरहेका छन् ।

मंगलबार बाँदर राखिएको पशुपतिनाथ मन्दिर छेउमा पुग्दा त्यहाँ बादर हेर्न आउने र आशीर्वाद लिनेको भीड थियो । हरेकले हातमा मोबाइल बोकेका छन् । हरेक मोबाइलको क्यामेरा खुला छ । कसैले फोटो खिचिरहेका छन् । कसैले भिडियो बनाइरहेका छन् । बाँदर हेर्न स-साना बालबालिकादेखि अधवैंसेसम्म छन् । त्यहाँ पुग्ने उनीहरुको एउटै चाहना हुन्छ, बाँदरको आशीर्वाद लिने र भिडियो बनाउने ।



बाँदरको आशीर्वाद लिन बिहान सात बजेदेखि ११ बजेसम्म र दिउँसो २ देखि ५ बजेसम्मको समयतालिका निर्धारण गरिएको छ । बाँदर थुन्नेहरुले समयतालिका नै टाँसेका छन् । तर बाँदर हेर्ने र आशीर्वाद लिन चाहनेहरुलाई भने समयतालिकाले कुनै असर गर्दैन । बिहानदेखि साँझसम्मै त्यहाँ भीड जम्मा हुन्छ ।

पशुपति मन्दिर छेउमा रहेको भीरमा सानो कटेरो छ । त्यहाँ फलामको तारजाली लगाएर बाँदरलाई राखिएको छ । बाँदर थुन्नेहरुले सहयोगका लागि भन्दै दुईवटा सहयोग बाकस राखिएको छ । जसमा त्यहाँ आउने सर्वसाधारणले आफुखुसी पैसा राखिदिन्छन् ।

बाँदरको आशीर्वाद लिनेहरु लाइनमा बस्छन् र फलामको डण्डीमाथि चढेर पालैपालो बाँदरका अगाडि टाउको राख्छन् । बाँदर कहिले पिंजडाको वल्लो छेउ पुग्छ त, कहिले पल्लो छेउ । कसैको टाउकोमा हात नराख्दा, कसैलाई नमुसार्दा, नझम्टिंदा त्यसको रेखदेख गर्नेले 'पवन'लाई आशीर्वाद लिन मन नलागेको भन्छन् । हामी त्यहाँ पुग्दा बाँदर थकाइ मार्न पल्टिरहेको थियो । कुटीमा बस्ने एक जनाले बाँदरलाई सुम्सुम्याइरहेका थिए । करिब २० मिनेटसम्म सुम्सुम्याएपनि बाँदर उठेन, बरु अर्कोपट्टि फर्कियो । धेरैले सुमसुम्याए बाँदर धेरै सुत्ने भन्दै छिटो उठाउन आग्रह गरिरहेका थिए ।

'आशीर्वाद दिन मन नलागे सुत्छ, कसरी उठाउनु । यो त साक्षात्कार पवन सूत्र हो यसले त को धर्मात्मा ? को कस्तो मान्छे भनेर चिन्छ,' रेखदेख गर्ने व्यक्ति भन्दैथिए । बाँदर धेरै समयसम्म नउठेपछि त्यहाँ भएकाहरुले उठाउन आग्रह गरिरहँदा उनी आफैं बोलाउनुस् भनेर भनिरहेका थिए । कसैको स्वर मनपरे बाँदर आफै उठ्ने उनले बताए ।

हामी गएको केहीबेरपछि बाँदर उठ्यो । सबैले मोबाइल ठड्याए । कोही भिडियो बनाउन थाले भने कोही फोटो खिच्न । मंगलबार मोरङ उर्लाबारीका कृष्ण पनि बाँदरको आशीर्वाद लिन भन्दै पशुपति पुगे । कामको सिलसिलामा काठमाडौं आएका उनी दर्शन गर्न भन्दै त्यहाँ पुगेका थिए ।

'बाँदरले आशीर्वाद दिएको भिडियो देखेर आएको हुँ,' कृष्ण भन्छन्, 'आशीर्वादले केही पाइएला भनेर आएको त होइन तैपनि मनले मानेन ।' तर उनी २०-२५ मिनेटसम्म पनि बाँदर नउठेपछि त्यहाँबाट फर्के । हतार हुनेहरु सुतेकै भएपनि छोएर फकिन्छन् भने अरु बाँदर उठ्दासम्म नै पर्खिन्छन् । केही समयपछि बाँदर उठ्यो र यताउति गर्न थाल्यो । पालैपालो मानिसहरु फलामको डण्डीमा टाउको राखेर आशीर्वादका पर्खिरहे । बाँदरले कहिले उनीहरुको टाउकोमा हात राख्छ भने कहिले हातखुट्टा दुवै राख्छ ।

बेलाबेला बाँदर रिसाउँछ । उसको अनुहारमा रिस झल्किन्छ । उ दाह्रा देखाउँछ । कहिले कसैलाई झम्टेजस्तो गर्छ । कसैले टाउको दिंदा कपाल तान्छ । तैपनि सर्वसाधारण उसलाई छाड्दैनन् । अहिले भाइरल भइरहेको बाँदर पशुपतिमा भर्खर ल्याइएको भने होइन । यो बाँदर १३ वर्षदेखि त्यहीं छ । जसलाई एक बाबाले भारतबाट ल्याएका थिए । तर टिकटक बनाउनेहरुका कारण यो बाँदर अहिले भाइरल भएको हो ।

बाँदर हेर्न आउनेहरुले पैसा नदिए बाँदरलाई थुन्नेहरु रिसाउने र झर्कने गर्ने गरेको गुनासो छ । पैसा दिनेलाई हात तानेर भएपनि बाँदर छुन दिने र नदिनेलाई बाँदरलाई मन छैन भन्ने गरेको सर्वसाधारणले गुनासो गर्दै आएका छन् ।

**अन्धविश्वास र पशुअधिकार**

बाँदर भगवान हो र उसले आशीर्वाद दिन्छ भन्ने अन्धविश्वास बोकेर सर्वसाधारण त्यहाँसम्म पुगेका हुन् । एउटा निरीह र अवोध जनावरलाई पिंजडामा थुनेर बन्धक बनाइएको छ र उसको प्रकृतिमा र माएर बाँच्न पाउने अधिकार खोसिएको छ । बाँदरबाट आशीर्वाद लिएको दृश्यले एकातिर समाजमा व्याप्त अन्धविश्वासलाई झल्काउँछ भने अर्कोतिर सामाजिक सञ्जालमा भाइरल हुने मोह देखाउँछ । बाँदरको आशीर्वाद लिन आउनेमध्ये भक्तपुर सल्लाघारीकी सम्झना पनि हुन् । मंगलबार सम्झना त्यहाँ आएको आधा घण्टा बढी भइसकेको थियो । उनी पनि बाँदरको आशीर्वाद लिन पर्खिरहेकी थिइन् । 'टिकटकमा बाँदरले आशीर्वाद दिएको देखेर आएकी हुँ,' उनी भन्छिन्, 'केही पाइन्छ भनेर त आएकी होइन, तर पनि आएपछि लिनैपर्‍यो ।'

बाँदर उठेपछि आफ्नो टाउको फलामको डण्डीमा राखिन्, बाँदरले उनको टाउको हातले छोयो । उनले आशीर्वाद पाएको महसुस गरिन् । यसरी बाँदरबाट आशीर्वाद लिनेहरुको भीड देख्दा नेपाली समाजमा अझै पनि परम्परागत सोच र अन्धविश्वास व्याप्त देखिएको बाँदरविज्ञ मुकेश चालिसे बताउँछन् । 'हामीले जति आधुनिकताका कुरा गरेपनि समाज परम्परागत सोच र अन्धविश्वासमै चलिरहेको छ । समाज क्षणिक वाहवाही बटुल्ने र देखावटीतर्फ गइरहेको छ,' उनी भन्छन् । बाँदर मानव जाति पछिको सबैभन्दा बढी चेतना भएको प्राणी भएकाले यसले मानिसको नक्कल गर्न सक्ने उनी बताउँछन् । बाँदरले टाउकोमा हात राख्दा, छुँदा आशीर्वाद दिएको भन्ने नभएपनि मानिसका हरेक क्रियाकलाप उसले सिक्ने चालिसेको भनाइ छ ।

घरमा बाँदर पाल्दा कसैले कसैलाई ढोगेको, आशीर्वाद दिएको देखेर पनि सिकेको हुन सक्ने चालिसेको तर्क छ । 'हामीले सही, वैज्ञानिक र समाजलाई फाइदा हुने कुरा गर्नुपर्छ । लहडमा भीडको पछि कुद्नु हुँदैन,' उनी भन्छन् । जनचेतनाको कमीका कारण यस्ता व्यवहार देखिने गरेको उनको तर्क छ । समाजशास्त्री विमला ज्ञवाली पनि समाजमा अन्धविश्वास हावी हुँदै जाँदा यस्ता घटना हुने गरेको बताउँछिन् । 'बाँदरले टाउकोमा हात राख्दा वा छुँदा के के न चमत्कार हुन्छ भनेर मान्छे त्यहाँ गएका हुन सक्छन्,' उनी भन्छिन्, 'यस्ता व्यवहारले समाजमा कर्म नगरी सफल हुने मोह विकसित भएको देखिन्छ ।'

बाँदरलाई पिंजडामा थुनेर आशीर्वाद लिने-दिने कुरा अशोभनीय भएको भन्दै रमाइलोका लागि हेर्न गएपनि आशा बोकेर जानु राम्रो नभएको उनी बताउँछिन् । 'वास्तविकता नबुझी समाज लहडका पछि दौडिरहेको छ । समाजमा जनचेतनाको कमीका कारण अन्धविश्वास कायमै छ,' ज्ञवाली भन्छिन् । मनोविद् मधुविलास खनाल वास्तविकता नबुझी समाज भीडले भनेका र देखाएका कुराको पछाडि दौडिनुले यस्ता व्यवहार देखिने गरेको बताउँछन् ।

'समाजका हरेकलाई भाइरल हुनु छ । हरेकलाई सबैले चिनुन् भन्ने चाहना छ,' खनाल भन्छन्, 'समाज पुरातनवादी सोच र लहडमा छ, वास्तविकताको कुनै सोधखोज नै छैन ।' समाजले अझै पनि विज्ञानलाई स्वीकार गर्न नसकेको र चर्चा कमाउने मोहमा यस्ता कार्य गर्दा चिन्तित बनाएको उनको भनाइ छ । - साभार: अनलाईनखबर

# लखनउका कप्तान राहुललाई जरिवाना



काठमाडौं/लखनउ सुपर जायन्ट्सका कप्तान केएल राहुललाई आचरसंहिता उल्लंघन गरेको भन्दै म्याच फीको २० प्रतिशत जरिवाना लागेको हो ।

मुम्बईको डीवाई पटेल स्टेडियममा भएको खेलमा रोयल च्यालेन्जर्स बैंगलोरविरुद्धको खेलमा उनले इन्डियन प्रिमियर लिग(आइपीएल)को आचरसंहिता उल्लंघन गरेका हुन् ।

म्याचमा आचरसंहिता उल्लंघन गरेको भन्दै म्याच रेफ्रीले गरेको निर्णय नै अन्तिम मान्दै उनलाई जरिवाना तिराइएको हो । लखनउले मंगलबार भएको खेलमा बैंगलोरसँग १८ रनले पराजित भएको हो । यससँगै लखनउ पाँच खेलमा ३ जित र २ हार सहित अंक तालिकाको चौथो स्थानमा रहेको छ । -साभार: अनलाईनखबर

# निर्वाचन आचारसंहिता पालना गर्ने प्रतिबद्धता

काठमाडौं/भक्तपुरका राजनीतिक दलले स्थानीय निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने प्रतिबद्धता जनाएका छन् । उनीहरुले निर्वाचनलाई निष्पक्ष, स्वच्छ र धाँधलीरहित बनाउन निर्वाचन कार्यालय, प्रहरी प्रशासन र निर्वाचनमा खटिने कर्मचारीले पनि निष्पक्ष भएर काम गर्नुपर्नेमा जोड दिएका छन् ।

जिल्ला प्रशासन कार्यालयको आयोजनामा मंगलबार सम्पन्न निर्वाचन आचारसंहिता कार्यान्वयन विषयको अन्तर्क्रिया कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधिले आचारसंहिताबारे आयोगले थप प्रष्ट पार्नुपर्नेमा समेत जोड दिएका छन् । छलफलमा कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सचिव सुशील बस्नेतले कर्मचारीले विगतका निर्वाचनमा जस्तै आगामी निर्वाचनमा निष्पक्ष र तटस्थ भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै आफ्नो पार्टीले आचारसंहिताको पूर्ण पालना गर्ने प्रतिबद्धता जनाए ।

नेकपा (एमाले)का जिल्ला अध्यक्ष वचन देउजाले निर्वाचन 'आचारसंहिता पालना गर्नका लागि निर्माण गरिएको हो' भन्ने मनन् गरी सबै दलले यसलाई कार्यान्वयमा उतार्न सहयोग गर्नुपर्नेमा जोड दिए । नेपाल मजदुर किसान पार्टीका प्रतिनिधि पाण्डव सुवालले आचार संहिता उल्लंघनसम्बन्धी उजुरीमा तत्काल कारवाही गरी सजाय दिनुपर्ने सुझाव दिए ।

नेकपा (माओवादी केन्द्र)का जिल्ला संयोजक सुनिल गोठे वासुले विगतमा दलितको सूचीमा सूचीकृत नभएका थरलाई समेत दलितको कोटामा उम्मेदवारी दिँदा पनि कारवाही नभएको गुनासो गर्दै आगामी निर्वाचनमा त्यस्ता गल्ती दोहोर्‍याउन नहुने सुझाव दिए । -साभार: अनलाईन





**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४


# ऊर्जा सुरक्षाका लागि सामूहिक प्रतिबद्धतामा नेपालको जोड

काठमाडौं/नेपालले ऊर्जा सुरक्षाका लागि सामूहिक प्रतिबद्धता अपरिहार्य भएकामा जोड दिएको छ । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगाल खाडीको प्रयास (बिम्सटेक) ऊर्जा मन्त्रीहरूको तेस्रो बैठकमा ऊर्जा सुरक्षामा जोड दिएको हो ।



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले श्रव्यदृश्यका माध्यमबाट बुधबार भएको उक्त बैठकमा बिम्सटेक मुलुकका करिब एक अर्ब ७० करोड जनताको भविष्यलाई दृष्टिगत गरी ऊर्जा क्षेत्रले सामना गरिरहेका गम्भीर समस्यालाई सम्बोधन गर्न पारस्परिक विश्वास, भावी प्रयासहरूमा स्पष्टता र उद्देश्यमा इमान्दारी अत्यन्त महत्वपूर्ण भएको बताइन् ।

आजको हाम्रो विचार-विमर्शले बिम्सटेक क्षेत्रमा ऊर्जा सहयोग अभिवृद्धि गर्न योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दै उनले ऊर्जाको लागि पर्याप्त वित्त परिचालनका साथै प्रविधि हस्तान्तरणलाई बढावा दिनुपर्ने बताइन् । राष्ट्रका अर्थतन्त्रबीच सबै पक्षमा बढेको अन्तरसम्बन्धले क्षेत्रीय सहयोगको भावनालाई वास्तविकरुपमा अगाडि बढाउन मद्दत मिल्ने उनले बताइन् । काठमाडौंमा सम्पन्न चौथो बिम्सटेक शिखर सम्मेलनमा बिक 'ग्रिड इन्टरकनेक्सन' स्थापनाका लागि भएको समझदारीको चर्चा गर्दै उनले भनिन्, ञऊर्जा व्यापार एउटा महत्वपूर्ण विषय हो यसले हाम्रा देशहरूमा बिजुलीको बर्बादी र ऊर्जा अभावको जोखिमलाई कम गर्न सक्छ ।

ऊर्जा सधैँ बिम्सटेक प्रक्रियाको महत्वपूर्ण प्राथमिकताको क्षेत्रका रुपमा रहेको तथा यस क्षेत्रमा ऊर्जा सहयोग प्रवर्द्धनका निम्ति निरन्तर प्रयास भएका बताउँदै ऊर्जा मन्त्री भुसालले अनुभव आदानप्रदान, क्षमता अभिवृद्धि र उत्कृष्ट अभ्यासहरूलाई प्रवर्द्धन गरेर ऊर्जा क्षेत्रमा सहकार्य समन्वय, सहजीकरण गर्नुपर्नेमा जोड दिइन् । जलवायु अनुकूलनका निम्ति छ किफायती, नवीकरणीय एवं दिगो ऊर्जा अहिलेको आवश्यकता भएको उनको भनाइ थियो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव देवेन्द्र कार्कीले हरेक संकट अवसर लिएर आउँछ भन्दै कोभिड-१९ संकटलाई हरियाली, सुरक्षित र थप दिगो बंगालको खाडी क्षेत्रको प्रवेशद्वार बनाउनुपर्ने बताइन् । ञयस निम्ति ऊर्जामा बलियो र नवीकृत क्षेत्रीय साझेदारी महत्वपूर्ण हुनेछत्र, उनले भनिन् । -साभार: इकागज

# आमा बनिन् काजल अग्रवाल



नयाँ दिल्ली/दक्षिण भारतीय अभिनेत्री काजल अग्रवाल आमा बनेकी छन् । भारतीय सञ्चार माध्यम आजतकका अनुसार उनले मंगलबार छोरालाई जन्म दिएकी हुन् । केही समय अगाडि काजलले आफू गर्भवती भएको सामाजिक सञ्जाल मार्फत जानकारी दिएकी थिइन् । उनले गर्भावस्थाको फोटो सुट समेत गरेकी थिइन् । तर, काजलले आफ्नो बच्चाको तस्बिर सार्वजनिक गरेकी छैनन् । सन् २०२० को अक्टुबरमा काजलले व्यापारी गौतम किचलूसँग विवाह गरेकी थिइन् । दक्षिण भारतकी चर्चित अभिनेत्री काजलले 'सिंङ्गम' मार्फत् बलिउडमा पनि डेब्यू गरेकी थिइन् । -साभार: सेतोपाटी


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*


# सुत्केरीलाई तीन महिनासम्म ३ हजार भत्ता दिने राप्रपाको घोषणा

काठमाडौं/राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले सुत्केरी महिलालाई मासिक ३ हजारका दरले तीन महिनासम्म भत्ता दिने घोषणा गरेको छ । मंगलबार घोषणापत्र सार्वजनिक गर्दै राप्रपाले यस्तो बताएको हो ।




'प्रत्येक वडामा प्रसूती सेवा तथा निम्न आय भएका हरेक सुत्केरीलाई तीन महिनासम्म ३ हजार मासिक भत्ता दिइनेछ', राप्रपाको घोषणापत्रमा भनिएको छ । स्थानीय महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता, क्यान्सर मिर्गौला तथा मेरुदण्ड रोगबाट पीडित स्थानीय नागरिकलाई मासिक स्वास्थ्य भत्ता, प्रत्येक किशोरीलाई पाठेघर क्यान्सर विरुद्धको खोप, प्रत्येक स्थानीय तहमा न्युनतम एक सुलभ औषधि पसलको व्यवस्था गर्ने पनि घोषणापत्रमा उल्लेख छ ।

यस्तै सबै नागरिकलाई अनिवार्य तथा निशुल्क स्वास्थ्य बीमाको व्यवस्था गर्ने पनि घोषणापत्रमा उल्लेख छ । -साभार: रातोपाटी


**Security Security Security**
**G15 Security SDNBHD Malayasia**

G15 Security — पूर्व स्वीकृति मिति : २०७८।१२।२९ चलानी नं. ६०/१७/७८/४७ LT No. 261585

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 50 | 00 | [illegible] | 1200 | 35000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

**फाइनल अन्तरवार्ता २०७९ वैशाख ९ गते शुक्रबार आइल्याण्ड जंगल रिसोर्ट चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाईनुहोला । बुझाएको रकमको अनिवार्य रुपमा भरपाई लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपालको कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँ बानेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

**Sky of the World Manpower Pvt. Ltd**
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
**Chitwan Contact : 9855063454, 9806595102**
नोट : X-Army and र X-police लाई प्राथमिकता दिइनेछ ।

# नेकपा एसबाट मनहरी अध्यक्षमा चार जनाको नाम सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, ७ वैशाख/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाको अध्यक्षमा नेकपा (एकीकृत समाजवादी)ले चार जनाको नाम सिफारिस गरेको छ ।

नेकपा (एकीकृत समाजवादी) मनहरी गाउँपालिका कमिटीले पालिका अध्यक्षमा पार्टी गाउँ कमिटी अध्यक्षसमेत रहेका नारायण श्रेष्ठ, वर्तमान गाउँपालिका उपाध्यक्ष मनिला विष्ट, वडा अध्यक्ष साधुराम अधिकारी र युवा नेता वीरेन्द्र डीसीको नाम जिल्ला कमिटीमा सिफारिस गरेको हो ।

अध्यक्षका आकांक्षीसहित गाउँपालिका उपाध्यक्ष र ९ वटै वडाका वडा अध्यक्षका आकांक्षीहरुको नाम सिफारिस गरेको छ । एकीकृत समाजवादीले गाउँपालिका उपाध्यक्षमा भूमिनन्द अर्याल, चन्द्राकुमारी भूषाल, आशा बल र रामकुमार एलनको नाम सिफारिस गरेको छ । पार्टीले वडा नम्बर १ मा राजन चेपाङ, वडा नम्बर २ मा आदेश रुम्बा, वडा नम्बर ३ मा विष्णुबहादुर थिङ र बुद्धरत्न स्याङ्तान, वडा नम्बर ४ मा बालमुकुन्द ढकाल, वडा नम्बर ५ मा चन्द्रबहादुर थिङ, ओमकुमार आले मगरलाई सिफारिस गरेको छ ।

वडा नम्बर ६ मा गोपीलाल तामाङ, वडा नम्बर ७ मा बलराम स्याङ्तान, वडा नम्बर ८ मा श्रीकृष्ण बर्तौला र वडा नम्बर ९ मा रामचन्द्र पुरीलाई सिफारिस गरिएको पार्टी गाउँ कमिटी अध्यक्ष नारायण श्रेष्ठले जानकारी दिए ।

मकवानपुरमा सत्ता साझेदार पाँच दल गठबन्धन बनाएर आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा होमिँदै छन् । गत निर्वाचनको मत परिणामअनुसार मनहरीको ठूलो पार्टी एमाले हो । एमालेमा एमालेका अध्यक्ष र उपाध्यक्ष विजयी भएका थिए । जसमध्ये एमालेबाट निर्वाचित उपाध्यक्ष विष्ट हाल एकीकृत समाजवादीमा छन् ।

मकवानपुरका १० वटा स्थानीय तहमध्ये एकीकृत समाजवादीको राम्रो संगठन भएको स्थानीय तह मनहरी हो । मनहरीको अध्यक्षसहित वडा अध्यक्षमा गठबन्धनका नेपाली कांग्रेस र एकीकृत समाजवादीले दावी गरेका छन् ।

# गाउँमै चप्पल तथा कागज उद्योग



साझाकुरा संवाददाता

हेटौंडा, ७ वैशाख/ गाउँका युवाहरु स्थानीयस्तरमै स्वरोजगार गर्ने योजनाअनुसार उद्यमीतर्फ आकर्षित भएका छन् ।

मकवानपुरका अधिकांश स्थानीय तहमा वैदेशिक रोजगारीबाट सीप सिकेर आएकादेखि स्वदेशमै रहेका युवाहरुले स्वरोजगार मूलक कार्यमा पाइला अगाडि बढाएका हुन् । यसकै एक उदाहरण मनहरी गाउँपालिका घर भएका अनिष राई बनेका छन् ।

राईंले वित्तीय संस्थाबाट ऋणमै गाउँमा चप्पल र कागजको प्लेट उद्योग सञ्चालनमा ल्याएका छन् । मनहरी गाउँपालिका-६ का राईले सञ्चालन गरेको उद्योग उद्घाटन गरिएको छ । मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले उद्योगको उद्घाटन गरे । गाउँमै उद्योग स्थापना गर्न पाउँदा खुशी लागेको राई बताउँछन् ।

राईले लघु उद्यम कार्यक्रमअन्तर्गत ८ लाख ५० हजार रुपियाँमा उद्योग स्थापना गरेका हुन् । मनहरीको साना किसान कृषि सहकारी संस्थाबाट ऋण लिएर उद्योग स्थापना गरेको राईले जानकारी दिए । उद्योगबाट दैनिक ५ सय जोर चप्पल उत्पादन गर्ने योजना रहेको उनले बताए । उद्योगबाट ब्रतबन्ध, पूजाआजामा हाल धेरै प्रचलनमा आउने गरेको पेपर प्लेटपनि उत्पादन हुने राईले जानकारी दिए ।

उद्योग उद्घाटनमा साना किसान सहकारीका प्रबन्ध निर्देशक ज्योती सुवेदीले सहकारीले युवाहरुलाई स्वदेशमै बसेर केही गर्ने र लघु उद्यमीतर्फ अघि बढाउन प्रोत्साहन गरिरहेको बताए ।

उद्योगको भवन निर्माणका लागि ३ लाख रुपियाँ खर्च भएको राईले बताए । सामग्री उत्पादनका लागि मेसिन खरिदमा ३ लाख रुपियाँ र चप्पल बनाउने सामग्री खरिद गर्न २ लाख ५० हजार रुपियाँ खर्च भएको उनले जानकारी दिए । उद्योगमा ४ जनाले रोजगारी पाउने उनले बताए । चाहना र लगनशीलता भए स्वदेशमै आयआर्जनका लागि राम्रो काम गर्न सकिने उदाहरण राईले दिएका छन् ।

# मकवानपुरमा राप्रपाको तालमेल गर्ने संकेत

साझाकुरा संवाददाता




हेटौंडा, ७ वैशाख/ मकवानपुरमा राजेन्द्र लिङ्देन नेतृत्वको (राष्ट्रिय प्रजातन्त्र पार्टी) राप्रपा पनि चुनावी गठबन्धन गरेर अघि बढ्ने देखिएको छ ।

मकवानपुरका अधिकांश स्थानीय तहमा राम्रो जनमत रहेको राप्रपाले तालमेल गरेर आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचन लड्ने संकेत गरेको हो । तालमेल गरेर निर्वाचनमा होमिने तयारीअनुरुप राप्रपाले सत्ता साझेदार गठबन्धनका दल र नेकपा एमालेसँग छलफल गरिसकेको छ ।

राप्रपा नेता मधु अधिकारीका अनुसार मकवानपुरमा तालमेल गरेर निर्वाचनमा जान सक्ने आधारहरु तय हुँदै गएको बताएका छन् । साझाकुरासँग कुरा गर्दै अधिकारीले आगामी स्थानीय तहको निर्वाचनमा सत्तासिन गठबन्धन वा एमालेसँग तालमेल गरेर जाने भन्नेमा टुंगिनसकेको भन्दै तालमेलको सम्भावना बढेको बताएका हुन् । उन्ले नेकपा एमाले मकवानपुरसँग तालमेलबारे छलफल भएपनि टुंगो लागिनसक्केको बताए । नेता अधिकारीले तालमेल गरेर जाँदा सत्ता साझेदार गठबन्धन दलहरुसँग हुने सम्भावना अधिक रहेको साझाकुरालाई जानकारी दिए । 'हाम्रो छलफल पाँच दलीय गठबन्धन र एमालेसँग भएको छ । औपचारिकरुपमा नभएपनि अनौपचारिक रुपमा तालमेल गरेर जाने कुरामा छलफल भएको छ । तर, टुंगिसकेको छैन् । पाँच दलीय गठबन्धनसँग तालमेल गरेर अघि बढ्ने सम्भावना बढी छ', अधिकारीले भने ।

तालमेल गर्दा राप्रपाले ठूलो भागबण्डा नखोज्ने पनि उनले बताए । 'हामी धेरै भागबण्डा खोज्दैनौं । मकवानपुरकै अधिकांश पालिकामा हाम्रो मत जितका लागि निर्णायक हुन्छ । आवश्यकताअनुसार दावी गर्छौं', अधिकारीले भने । उनले गत निर्वाचनमा प्राप्त मतका आधारमा राप्रपाको हेटौंडा उपमहानगर पालिकामा ७ हजार, मकवानपुरगढी गाउँपालिकामा एक हजार, बकैया गाउँपालिकामा १ हजार ६ सय, मनहरीमा १ हजार ७ सय मत रहेको भन्दै जितका लागि निर्णायक मत रहेको बताए । गणित हेर्दा राप्रपा कमजोर नभएकोले आवश्यकताअनुसार दावी रहने अधिकारीले स्पष्ट पारे ।

उनका अनुसार राप्रपाले तालमेल नगरे एक्लै निर्वाचनमा लड्ने तयारी पनि गरिरहेको छ । राप्रपा एक्लै निर्वाचन लडे अधिकारी नै मेयरको उम्मेदवार रहने सम्भावना छ । अधिकारी गत निर्वाचनमापनि राप्रपाबाट हेटौंडाको मेयरका उम्मेदवार थिए । हेटौंडामा एमालेका हरिबहादुर महत मेयरमा निर्वाचित हुँदा अधिकारीले ६ हजार ८ सय ५७ मत ल्याउँदै तेस्रो भएका थिए । अधिकारीले पछिल्लो समय राप्रपालाई आमजनताले रुचाइरहेको भन्दै मेयरमा बलियो दाबेदारी रहने बताए । 'राप्रपा जनतामा लोकप्रिय बनेको छ । राजेन्द्र लिङ्देन र राप्रपाप्रति जनताले धेरै भरोसा गरेकालेपनि हेटौंडामा राप्रपा कमजोर छैन्', अधिकारीले भने ।

यसैगरी, मनहरीका चन्द्रबहादुर पौडेल राप्रपाबाट मनहरी गाउँपालिकाको उम्मेदवार बन्ने भएका छन् । पौडेल आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा मनहरीको अध्यक्षका उम्मेदवार बन्ने तयारीमा लागेका हुन् । 'अध्यक्षको उम्मेदवारी रहने तयारी भइरहेपनि अहिले नै निश्चित भने भइनसकेको पौडेलले बताए ।

पौडेल कांग्रेस परित्याग गर्दै राप्रपा प्रवेश गरेका नेता हुन् । २०५४ सालको स्थानीय निकाय निर्वाचनमा तत्कालीन मनहरी गाविसको ३ नम्बर वडाको वडा अध्यक्ष पदका उम्मेदवार बनेका थिए । गत निर्वाचनमा राप्रपाले मनहरीको अध्यक्षमा ८ सय १५ मत ल्याएको थियो ।


## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
**Phone: 057-520315**

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Jumbo Moters Pvt.Ltd कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Electric Bycycle | 240 watt | - | - | 48 volt | China | PCS | 60,000.00 | |
| २ | Electric Scooter | 1500 watt | - | yw06 | 72 volt | China | PCS | 3,75,000.00 | |

बिक्रता फर्मको नाम : Jumbo Moters Pvt.Ltd
ठेगाना : Hetauda-16, Makawanpur
PAN.No:- 609821802
Mobile.No:- 9855068577



## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



## हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

# शुभारम्भ







**Offer**
रू.१०,०००।-
नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरु:**

☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞व्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०



# ADMISSIONS OPEN

**FROM NURSERY TO GRADE IX**
**FOR ACADEMIC SESSION 2079**
*for limited seats only*
**Scholarship Test : 10 Baishakh 2079**
APPLY ONLINE



*www.admission.hetaudaacademy.edu.np*

**FOR MORE DETAILS**
057-525548, 9847106642

HETAUDA ACADEMY
EDUCATION IS THE REAL TREASURE

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Sahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np



## www.sajhakuranews.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना